नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

प.सं.:
च.नं.:

☎ ९७७-१-४२११५१६
९७७-१-४२११५३१
फ्याक्स : ९७७-१-४२११५१०
सिंहदरबार, काठमाण्डौ

# प्रेस विज्ञप्ति

मितिः २०७८।०७।१६

भारतको विद्युत मन्त्रालयको सहमतिमा अन्तरदेशीय विद्युत व्यापारका लागि स्वीकृति दिने निकायले सोमबार नेपाल विद्युत प्राधिकरणलाई भारतीय ऊर्जा एक्सचेन्ज मार्केटमा विद्युत बिक्री गर्न अनुमति दिएको छ । पहिलो चरणमा प्राधिकरणको स्वामित्वमा नुवाकोट जिल्लामा सञ्चालनमा रहेका २४ मेगावाटको त्रिशूली र १५ मेगावाटको देवीघाट विद्युत गृहबाट उत्पादित ३९ मेगावाट विद्युत भारतीय ऊर्जा एक्सचेन्ज (IEX) मा बिक्री गर्न अनुमति प्राप्त भएको हो । प्राधिकरणले मंगलबार राति १२ बजेदेखि ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइन मार्फत विद्युत निर्यात सुरु गर्ने छ ।

नेपालले भारतीय ऊर्जा एक्सचेन्ज (IEX) मा विद्युत खरिद गरी आयात गर्न यस अघि नै अनुमति पाइसकेको छ । निर्यातको अनुमति पाएसँगै नेपाल र भारतबीचको विद्युत व्यापार नयाँ चरणमा प्रवेश गरेको छ ।

नेपाल विद्युत प्राधिकरणले भारतको केन्द्रीय विद्युत् प्रणाली अन्तर्गत दैनिक विद्युत बजार (डे अहेड मार्केट) मा विद्युत बिक्री गर्ने छ । प्राधिकरणले हरेक दिन बिहान १० बजेदेखि मध्यान्ह १२ बजेसम्म एक्सचेन्ज बजारमा बिक्री गरिने विद्युतको परिमाणसहित एनटिपिसी विद्युत व्यापार निगम (NVVN) मार्फत् बिडमा प्रतिस्पर्धा गर्नेछ ।

नेपालमा खपत गरेर जगेडामा रहेको विद्युत भारतमा बिक्रीका लागि अनुमति पाउने कार्य दुई मुलुकबीचको ऊर्जा व्यापारका लागि कोशेढुंगा बनेको छ । यस कार्यका लागि मन्त्रालय, भारत सरकार र सम्बन्धित निकायहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छ ।

**(गोकर्ण राज पन्थ)**

सहप्रवक्ता